नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन एकाइ, पर्सा।

## क्याटलग सपिङ्ग विधिबाट ट्रैक्टर खरिदका लागि सिलबन्दी प्रस्ताव आह्वान सम्बन्धि सूचना

**सूचना नं.:- ०७८/०७९-२१**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०७९/०३/१०**

यस परियोजनाको चालू आ.व. २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार धान जोन लागु रहेको क्षेत्र भित्रबाट यस एकाइमा सूचीकृत भएका लक्षित वर्गहरुलाई लक्षित गरी पोष्ट हार्भेष्ट क्षति न्यूनीकरण कार्यक्रम कार्यान्वयन गर्नका लागि अनुदानमा वितरण गरिने धान तथा मकैका लागि उपयोगी **Grain Dryer** सञ्चालनका लागि **५०%** अनुदानमा ट्रैक्टर वितरण गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन २०७३) को दफा ८ को उपदफा १ (क) (८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (दशौं संशोधन २०७७) को नियम ३१ (ख) बमोजिम ट्रैक्टरको उत्पादक कम्पनी वा नेपालको लागि सो को आधिकारीक बिक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउन क्याटलग सपिङ्ग विधिबाट ट्रैक्टर खरिद गर्नका लागि सार्वजनिक खरिद नियमावली, २०६४ (दशौं संशोधन २०७७) को नियम ३१ (ख) को उपनियम २ अनुसार यस एकाइमा सूचनामा उल्लेख भए अनुसारका कागजातहरु संलग्न राखी तपसिलमा उल्लेख भए बमोजिमको सिलबन्दी प्रस्ताव यो सूचना प्रकाशन भएको मितिले ७औं दिन अर्थात २०७९/०३/१६ गते १४:०० बजेभित्र यस एकाइमा स्वयं वा प्रतिनिधी मार्फत दर्ता गराउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। दर्ता भएका सिलबन्दी प्रस्तावहरु सोही दिन १६:०० बजे खोलिनेछ। थप अन्य जानकारीको लागि सम्पर्क नं. ९८५५०३६४१२/९८५५०३८९५४/९८५५०३६४१५ मा सम्पर्क राख्नुहोला ॥

**दर रेट पेश गर्दा अनिवार्य पेश गर्नु पर्ने कागजातहरुः**

१ दर रेट पेश गरिएको भनी रु.१० को टिकट टाँस गरी पेश गरिएको निवेदन।

२ फर्म दर्ता प्रमाणपत्र, **PAN/VAT** दर्ता प्रमाणपत्र र आ.व. २०७७/७८ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी।

३ सम्बन्धित निकायबाट नेपालमा ट्रैक्टरको कारोबार गर्नका लागि प्रदान गरिएको इजाजत पत्रको प्रतिलिपी।

४ कालो सूचीमा नरहेको स्व-घोषणा पत्र।

५ समान प्रकृतिको काम गरेको भएमा सो सम्बन्धि प्रमाणहरुको प्रतिलिपी।

६ ट्रैक्टरको Specification, गुणस्तर तथा कम्पनीको आधिकारीक मूल्य खुल्ने कागजात (ब्रोसर/क्याटलग)

**तपसिलः**

| Vehicle | Required Specification | Required Quantity | Remarks |
|---|---|---|---|
| **Tractor** | Technical Specification यस एकाइको website https://parsa.pmamp.gov.np बाट download गर्न सकिनेछ। | Few | |

१ यस सूचनामा उलेख भए बमोजिम अनिवार्य पेश गर्नुपर्ने कागजात संलग्न नभएमा वा दररेट सम्बन्धि विवरण अपूर्ण भएमा वा रीत नपुगेको वा म्याद नाघी प्राप्त भएको दररेट प्रस्तावहरु मूल्यांकन प्रक्रियामा समावेश गरिने छैन।

२ सिलबन्दी दररेट पेश गर्दा खाममा सम्बन्धित आपूर्तीकर्ताको नाम र ठेगाना, **Email ID** तथा सम्पर्क नंबर अनिवार्य रुपमा उल्लेख भएको हुनु पर्नेछ। दररेट स्वीकार गर्ने नगर्ने सम्पूर्ण अधिकार यस एकाइमा सुरक्षित रहनेछ।

३ यस सूचनामा उल्लेख गर्न छुट भएको अन्य शर्त/व्यहोराहरु सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानुन अनुसार हुनेछ।

..............................

बरिष्ठ कृषि अधिकृत

बरिष्ठ कृषि अधिकृत